# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ६** **भागः १** **संख्याः ४**

गाउँ सभाबाट स्वीकृत मितिः २०८३/०३/१०

प्रमाणीकरण मितिः २०८३/०३/२९


## मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक ऐन,२०८३

प्रस्तावनाः

मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम तथा संविधानको अनुसूची ८ को क्र.सं. ४ मा उल्लिखित कर शीर्षकहरूको दर गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्नका लागि यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम "मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक विधेयक,२०८३" रहेको छ।

(२) यो विधेयक गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात २०८३ श्रावण १ गतेदेखि २०८४ असार मसान्तसम्म गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. घरधुरी करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५.व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६.जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएको वाहेकका जडिबुटी, कवाडी र जीवजन्तुजन्य वस्तुको व्यवसायिक रूपमा उपयोग गरे वापत अनुसूची ५ मा उल्लिखित जडिबुटी, कवाडी र जीवजन्तु करकर लगाइने र असूल उपर गरिनेछ ।

**७.सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६)बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन (होडिङबोर्ड) मा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ

**९. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्रमा निर्माण रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी सल वा व्यवसाय गर्न दिएवापत अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची ११ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने तथा असुल उपर गरिनेछ ।

**१३. सिफारिस दस्तुरः** गाउँपालिका तथा वडा कार्यालयबाट उपलब्ध गराइने सिफारिस अनुसूची १२ मा उल्लिखित दरअनुसार लिइनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर, यस पालिकाभित्र दर्ता गरी व्यवसाय सञ्चालन गर्ने महिला, दलित र अल्पसंख्यकहरुलाई दर्ता शुल्कमा ५०% छुट हुनेछ ।

**अनुसूची- १**

**१.घरधुरी करः**

| क्र.सं. | घरको प्रकार | रू | कैफियत |
|---|---|---|---|
| **कच्ची घर** | | | |
| १ | ढुंगा, जस्ता, र काठको घर १ तलासम्म (जस्ता,टहरा र फलामको ट्रस समेत) | ५० | घरको संख्या अनुसार |
| २ | ढुंगा माटो र काठको घर १ तलाभन्दा माथी | १०० | घरको संख्या अनुसार |
| **पक्की ढलान घर** | | | |
| ३ | पक्की घर व्यवसायिक सटर सहितको | १२५ | प्रति तला रू १२५ |
| ४ | पक्की घर आवासिय | ११० | प्रति तल रू ११० |

**अनुसूची- २**

**२.भूमिकर/मालपोतः**

| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|
| प्रति रोपनी | रू १५ | रू १० | रू ६ | रू ४ |

नोट जरिवाना सम्बन्धमा

हरेक आ.व. को मालपोत सालबसाली रुपमा आ.व. नसकिदै बुझाउनु पर्ने। नबुझाएमा पहिलो वर्ष १०% दोस्रो वर्ष २०% तेस्रोवर्ष ३०% चौथो वर्ष ४०% पाँचौं वर्ष ५०% छैटौं वर्ष ६०% सातौं वर्ष ७०% आठौं वर्ष ८०% नबौं वर्ष ९०% दशौं वर्ष १००% र एघार वर्ष वा सो भन्दा बढी जतिसुकै बर्षको बक्यौता भएपनि १२५% जरिवाना लाग्नेछ।

**अनुसूची- ३**

**३. वहाल करः**

| क्र.सं. | प्रयोजन | बार्षिक दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | व्यापारिक प्रयोजन | १० प्रतिशत | |
| २. | आवासिय प्रयोजन | १० प्रतिशत | |

## अनुसूची- ४

### ४.व्यवसायिक करः (बार्षिक)

| क्र.सं. | व्यवसायको नाम | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | **मदिरा तथा सूर्तीजन्य व्यवसाय** | | | |
| | थोक विक्रेता | ५००० | ५००० | |
| | खुद्रा विक्रेता | २००० | २००० | |
| २. | **इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स** | | | |
| | थोक विक्रेता | ५००० | ३००० | |
| | खुद्रा विक्रेता | १२०० | १००० | |
| ३. | **कपडा पसल** | | | |
| | खुद्रा विक्रेता | १२०० | १००० | |
| | फेन्सी कपडा (रेडिमेट) | १५०० | १००० | |
| ४. | **गहना पसल (ज्वलरी)** | | | |
| | सबै खाले गहना निर्माण तथा विक्रि गर्ने | ५००० | ३००० | |
| ५. | **हार्डवेयर एण्ड सप्लायर्स** | | | |
| | थोक विक्रेता | १०००० | ६००० | |
| | खुद्रा विक्रेता | ३००० | २००० | |
| ६. | **कम्प्युटर,मोवाइल,घडी, रेडियो,टेलिभिजन,क्यामेरा लगायत विद्युतीय मेसिन** | | | |
| | थोक विक्रेता | ६००० | ४००० | |
| | खुद्रा विक्रेता | १२०० | १००० | |
| ७. | **पेट्रोल/डिजेलपम्प तथा ग्यास** | | | |
| | पेट्रोल र डिजेलपम्प | ३६००० | २४००० | |
| | मिनि पेट्रोलपम्प | १०००० | ८००० | |
| | ग्यास | १५०० | १००० | |
| ८. | **तरकारी तथा फलफुल** | | | |
| | थोक विक्रेता | २००० | १५०० | |
| | खुद्रा विक्रेता | १५०० | १००० | |
| ९. | **दैनिक उपभोगका खाद्य पदार्थहरू (किराना)** | | | |
| | १० लाखभन्दा माथी | ४००० | २५०० | |
| | ५ लाखभन्दा माथी १० लाखसम्म पुँजी भएका | ३००० | २००० | |
| | ५ लाखसम्म पुँजी भएका | १५०० | १००० | |
| १०. | | | | |
| | **पर्यटन व्यवसाय,होटल एण्ड लज, रेष्टुरेन्ट, रिसोर्ट,होटल लगायत अन्य** | | | |
| | १ लाखसम्म पुँजी भएका | १००० | ८०० | |
| | १ लाख भन्दा वढी ५ लाखसम्म पूँजी भएको | १५०० | १००० | |
| | ५ लाख भन्दा वढी १० लाखसम्म पूँजी भएको | २५०० | २००० | |
| | १० लाख भन्दा वढी २५ लाखसम्म पूँजी भएको | ४००० | २५०० | |

| | | | | |
|---|---|---|---|---|
| | २५ लाख भन्दा वढी ५० लाखसम्म पूँजी भएको | ६००० | ४००० | |
| | ५० लाखभन्दा माथी पुँजी भएका | १०००० | ८००० | |
| | | | | |
| १० | **निर्माण तथा औद्योगिक सेवा** | | | |
| | सडक,पुल तथा औद्योगिक,व्यापारिक एवं आवास कम्प्लेक्स आदी निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसाय | १५००० | १२००० | |
| | ब्लक ईट्टा निर्माण कम्पनी | १०,००० | ८००० | |
| ११ | **विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| | इन्जिनियर | १२००० | ८००० | |
| | कानुन व्यवसायी | २००० | १५०० | |
| | लेखा परीक्षक | ३००० | २००० | |
| | बीमा एजेन्ट | २५०० | २००० | |
| | सर्भेयर | २००० | १५०० | |
| | सामान ढुवानी कर्ता तथा कम्पनी | ३००० | २००० | |
| | संस्थागत पेन्टर | ३००० | २००० | |
| १२ | **सवारी साधन विक्रि केन्द्र** | | | |
| | सवारी साधन विक्रेता तथा वर्कशप | २०००० | १०००० | |
| | चार पाङ्ग्रे गाडी वर्कशप | १२००० | ६००० | |
| | दुई पाङ्ग्रे गाडी वर्कशप | ६००० | ३००० | |
| १३ | **उत्पादन मुलक उद्योग** | | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको मालसामान वा अन्य माल सामान प्रोयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग | ६००० | ३००० | |
| १४. | **कृषि/पशु तथा वन्यजन्य उद्योग,एग्रोभेट ,फर्म र समूह** | | | |
| | बन पैदावारमा आधारित उद्योग(उत्पादन गर्ने | ५००० | ५००० | |
| | बन पैदावारमा आधारित व्यवसाय | ३००० | २००० | |
| | कृषि समूह/पशुपंक्षी फर्म | १२०० | १००० | |
| | एग्रोभेट | २००० | १५०० | |
| १५ | **दुध तथा दुग्धजन्य सामाग्री** | | | |
| | १देखि ३ लाखसम्म पूँजी भएका | १५०० | १००० | |
| | ५देखि १० लाखसम्म पूँजी भएका | २००० | १५०० | |
| | १० लाखसम्म पूँजी भएका | ४००० | ३००० | |
| १५. | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय** | | | |
| | 'क' श्रेणीको | ८०००० | 2०००0 | |
| | 'ख' श्रेणीको | ७०००० | १५००० | |
| | 'ग' श्रेणीको | ६०००० | १०००० | |
| | **'घ' श्रेणीको** | | | |
| | नयाँ दर्ता | ५०००० | | |
| | नवीकरण | ५००० | | |
| | म्याद नाघी आएमा थप जरिबाना | ३००० | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिलिपि | १००० | | |
| १६ | **खनिज उद्योग** | | | |
| | खनिज उत्खनन , प्रशोधन गर्ने उद्योग व्यवसाय | २०००० | २०००० | |
| १७ | जडिबुटी प्रशोधन गर्ने उद्योग व्यवसाय | | | |
| | नेपाली नागरिकको हकमा | २०००० | १५००० | |
| | विदेशी नागरिकको हकमा | ४०००० | ३०००० | |
| १८ | **उर्जा मूलक उद्योग** | | | |
| | जलसोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, बाँयोग्यास अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय | ५००० | ५००० | |
| १९ | **स्वास्थ्य सेवा** | | | |
| | गैर सरकारी अस्पत्ताल | १०००० | ८००० | |
| | नर्सिङ होम | ८००० | ५००० | |
| | क्लिनिक तथा ल्याब | ५००० | ३००० | |
| २० | **सञ्चार सेवा** | | | |
| | निजि क्षेत्रका टेलिफोन,फ्याक्स,मोवाइल फोन,फोटोकपी, इमेल,इन्टरनेट, रेडियो पेजिङ आदी | ३००० | २००० | |
| | कुरियर सेवा | १५०० | १२०० | |
| २१ | **शिक्षा सेवा** | | | |
| | निजी क्षेत्रका स्कुल | ६००० | ५००० | |
| | तालिम तथा अनुसन्धान केन्द्र | ३००० | २००० | |
| | टाइपिङ,कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३००० | २००० | |
| २२ | **मर्मत सम्भार** | | | |
| | हेवी इक्युमेन्ट बस,ट्रक,कार,मोटर साइकल,टेम्पो,साइकल आदी मर्मत कारखाना | Heavy १८००० | १२००० | |
| | | Light ३००० | २००० | |
| | रेडियो,टि.भी.,घडी,पेसर मोबाइल कुकर, हिटर, टेलिफोन सेट,फ्रिज,विद्युत सामाग्री मर्मत केन्द्र | २५०० | २००० | |
| २३ | **वित्तीय सेवा** | | | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक 'क' वर्ग | १५००० | १२००० | |
| | नेपाल राष्ट्र बैंकबाट 'ख' वर्ग इजाजत प्राप्त विकास बैंकको शाखा | १५००० | १२००० | |
| | नेपाल राष्ट्र बैंकबाट 'ग' वर्ग इजाजत प्राप्त वित्त कम्पनीको शाखा | १२००० | १०००० | |
| | नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग इजाजत प्राप्त लघु वित्क कम्पनी | ८००० | ६००० | |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | ८००० | ६००० | |
| | वीमा कम्पनी | ८००० | ६००० | |
| | विदेशी मुद्रा सटही | ५००० | ३००० | |
| | धितोपत्र कारोवार | ८००० | ६००० | |
| | सहकारी बैंक:सहकारी संस्था १० लाखमाथी | २००० | १५०० | |
| | सहकारी संस्था १० लाखमुनी | १५०० | १२०० | |

| | | | | |
|---|---|---|---|---|
| २४. | अन्य व्यवसाय मनिट्रान्फर | १५०० | १२०० | |
| | पार्क पिकनिक स्पट | ५००० | ३००० | |
| | टुर अपरेटर | ५००० | ३००० | |
| २५ | जिपलाईन सञ्चालन दर्ता | १०,००० | ८,००० | |
| | जिपलाईन प्रतिव्यक्ति (प्रति ट्रिप नेपाली नागरिकको लागि) | ४०० | | |
| | जिपलाईन प्रतिव्यक्ति (विदेशी नागरिकको लागि) | ६०० | | |
| | विद्यार्थीको लागि | २०० | | |
| २६. | **अन्य सेवा** | | | |
| | विज्ञापन सेवा | ३००० | २००० | |
| | ब्यूटी पार्लर,केश सिंगार,ड्राइ क्लिनर्स,फोटो स्टुडियो,स्टेश्नरी ,सिलाई सेन्टर आदी | १२०० | १००० | |
| | साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १२०० | १००० | |
| | पशु वधशाला | ३००० | २००० | |
| | मासु विक्रेता | १२०० | १००० | |
| | फुल र विरूवा बिक्रेता | १२०० | १००० | |
| | खोटो व्यवसायी | ५००० | ३००० | |
| | भाँडाकुडाँ विक्रेता | २००० | १५०० | |
| | स्टिल,काठ, फर्निचर विक्रेता | ५००० | ३००० | |
| | खेलौना, उपहार (गिफ्ट) विक्रेता | १५०० | १२०० | |
| | सैलुन | २००० | १५०० | |
| | विद्युतीय सवारी चार्जिङ सेन्टर/स्टेशन | ५००० | ३००० | |

(क) माथि उल्लिखित व्यवसायीहरूमा सोही अनुसार र नभएको हकमा राजस्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिनेछ ।

(ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथी उल्लिखित दरको ४० प्रतिशतले हुने रकम थप व्यवसाय कर लिइनेछ ।

(ग) हरेक व्यवसायको नविकरण दस्तुर सालवसाली रुपमा आ.व. नसकिँदै बुझाउनु पर्नेछ, सो नगरेमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको बार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ। छ।

## अनुसूची- ५
## ५ जडिबुटी कवाडी र जीवजन्तु करः

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई रू | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | मजिठो | केजी | २ | |
| २ | ओखरफलको बोक्रा | केजी | २ | |
| ३ | ओखर काण्ड बोक्रा | केजी | २ | |
| ४ | चिराइतो | केजी | २ | |
| ५ | चुत्रोको बोक्रा | केजी | २ | |
| ६ | कुरिलाको जरा | केजी | २ | |
| ७ | सुगन्धवाल | केजी | २ | |
| ८ | अल्लो | केजी | २ | |

| | | | | |
|---|---|---|---|---|
| ९ | झ्याउ | केजी | २ | |
| १० | अर्गेली | केजी | २ | |
| ११ | पाखनवेत | केजी | २ | |
| १२ | लोक्ता | केजी | २ | |
| १३ | ठिगुरे सल्लाको सिम्टा | केजी | २ | |
| १४ | धसिंगरे तेल | केजी | २ | |
| १५ | अम्रिसो | केजी | २ | |
| १६ | जटामसी | केजी | २ | |
| १७ | तेजपात | केजी | २ | |
| १८ | गोब्रे सल्लाको सिम्टा | केजी | २ | |
| १९ | खोल्मे | केजी | २ | |
| २० | नागबेली पाउडर | केजी | २ | |
| २१ | खोटो | केजी | २ | |
| २२ | गोब्रे सल्लाको पातको तेल | केजी | २ | |
| २३ | भिरमह | केजी | २ | |
| २४ | सतुवा | केजी | २ | |
| २५ | धुपीपात | केजी | २ | |
| २६ | नागबेली | केजी | २ | |
| २७ | काउलोको बोक्रा | केजी | २ | |
| २८ | अन्य सुगन्धित तेल | केजी | २ | |
| २९ | साधारण च्याउ | केजी | २ | |
| ३० | इन्द्रेनीको बियाँ | केजी | २ | |
| ३१ | नेपाली कागज | कोरी | २ | |
| ३२ | सल्लो (गोलिया) | क्युफि. | २ | |
| ३३ | सल्लो (चिरान) | क्युफि. | २ | |
| ३४ | उत्तीस(गोलीया) | क्युफि. | २ | |
| ३५ | उत्तिस (चिरान) | क्युफि. | २ | |
| ३६ | अन्य काठ (गोलिया) | क्युफि. | २ | |
| ३७ | अन्य काठ (चिरान) | क्युफि. | २ | |
| ३८ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | १५०० | |
| ३९ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | २००० | |
| ४० | भेनियर पत्ता (ट्रक) | ट्रिप | ३००० | |
| ४१ | दाउरा (ट्याक्टर) | ट्रिप | १०० | |
| ४२ | दाउरा (मिनी ट्रक) | ट्रिप | २०० | |
| ४३ | दाउरा (ट्रक) | ट्रिप | ३०० | |
| ४४ | काठको भुस (ट्यमक्टर) | ट्रिप | १०० | |
| ४५ | काठको भुस (मिनी ट्रक) | ट्रिप | २०० | |
| ४६ | खोटो र खयर | के.जी. | २ | |
| ४७ | काठको भुस (भ्यान ट्रक) | ट्रिप | २ | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | बाँस | गोटा | २ | |
| ४९ | बन लसुन | केजी | २ | |
| ५० | हाडे लसुन | केजी | २ | |
| ५१ | कुरीलो | केजी | २ | |
| ५३ | कोइला | केजी | २ | |
| ५४ | बुकीफुल | केजी | २ | |
| ५५ | बुकीफुलको तेल | केजी | २ | |
| ५६ | अविजालो | केजी | २ | |
| ५७ | निगालो | गोटा | २ | |
| ५८ | अलैची | केजी | २ | |
| ५९ | लोठ सल्लाको पात | केजी | ५ | |
| ६० | लप्सी | केजी | २ | |
| ६१ | पूरानो फलाम | केजी | २ | |
| ६२ | पुरानो टिन | केजी | १ | |
| ६३ | खाली बियर बोतल | प्रति बोटल | ०।५० | |
| ६४ | खाली सिसी ५०० एमएममाथी | | ०।५० | |
| ६५ | खाली सिसी ५०० एमएम भन्दामुनी | | ०।२५ | |
| ६६ | पुरानो प्लाष्टिकको सामग्रीहरू | केजी | ०।५० | |
| ६७ | टायर ट्युव | केजी | १ | |
| ६८ | पुरानो कागज | केजी | ०।५० | |
| ६९ | जलेको व्यट्री | केजी | ५ | |
| ७० | भिन्डु | केजी | १ | |
| ७१ | गार्मेन्ट कपडाको टुक्रा | केजी | १ | |
| ७२ | धातु पित्तल, तामा | केजी | ५ | |
| ७३ | सिलाबर | केजी | ३ | |
| ७४ | ब्लक तथा ईटा | प्रति गोटा | ५० पैसा | |
| ७५ | बुधचित्त | के जी | ५०० | |
| ७५ | मानेभन्ज्याङ गाउँपालिकाभित्र उत्पादन भई निकासी हुने माथि उल्लिखित बाहेक अन्य वस्तुहरूको हकमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ । | | | |

(ख) प्रचलित कानुनले निषेध गरे बाहेकको मरेको वा मारिएको पंक्षीको प्वाँख र पशुको हाड,छाला,सिङ्ग र खुर निकासी करको दरः

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्वाँख | केजी. | ५ | |
| २ | हाड | केजी. | ५ | |
| ३ | सिङ्ग | केजी. | ५ | |
| ४ | खुर | केजी. | ५ | |
| ५ | छाला ठुलो | गोटा | १०० | |
| ६ | छाला सानो | गोटा | ५० | |

(ग) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दरः

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैसी जात (भैसी,राँगा आदि) | गोटा | १०० | |
| २ | गाई जात (गाई,गोरु आदि) | गोटा | ५० | |
| ३ | भेडा/खसी बोका/बाख्रा/सुगुर/बंगुर | गोटा | ५० | |
| ४ | कुखुरा/ हास/बट्टाइ/परेवा | ट्रिप | ५०० | |
| ५ | अण्डा (सात क्रेट बराबर एक बाकस) | बाकस | १० | |
| ६ | आलु | प्रति केजि | १ | |
| ७ | गोलभेडा,काउली (ठुलो ट्रक) | ट्रिप | ५०० | |
| ८ | गोलभेडा,काउली, (मिनि ट्रक/ट्याक्टर) | ट्रिप | ५०० | |
| ९ | बन्दा, प्याज, साग(ठुलो ट्रक) | ट्रिप | ५०० | |
| १० | बन्दा,साग(टयाक्टर/मिनी ट्रक) | ट्रिप | ५०० | |
| ११ | लसुन,वेसार,अदुवा (ठुलो ट्रक) | ट्रिप | ८०० | |
| १२ | लसुन,वेसार,अदुवा (टयाक्टर/मिनी ट्रक) | ट्रिप | ५०० | |
| १३ | सुन्तला/जुनार/कागती | ट्रिप | ५०० | |
| १४ | किबी फल | ट्रिप | ५०० | |

## अनुसूची- ६

## ६.सवारी साधन कर/शुल्क

(क) केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र नियमित रूपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालनको अनुमति लिनु पर्नेछ। गाउँपालिकाबाट अनुमति लिएका सवारी साधनले निम्नानुसार वार्षिक शुल्क बुझाउनु पर्नेछ।

| क्रसं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडी | ६००० | |
| २ | भाडाका ट्याक्टर कार जीप | ६०० | |
| ३ | भाडाको मिनिबस | १००० | |
| ५ | निजी कार, मिनीबस | ६०० | |
| ६ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन | २०० | |

गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बीमा वा अन्य किसिमको सिफारिस लिंदा माथि उल्लेखित सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिस प्रदान गरिनेछ ।

(ख) सवारी साधन दर्ता तथा रूट इजाजत

| क्र.सं. | सवारी साधनको किसिम | दर्ता | नवीकरण | रूट इजाजत | कैफियत |
|---|---|---|---|---|---|
| १ | अटो रिक्सा | २००० | २००० | १००० | |

(ग) जेसबी प्रयोग

| क्र.सं. | विवरण | प्रति घण्टा | कैफियत |
|---|---|---|---|
| १ | जेसिबी | १००० | |

(घ) एम्बुलेन्स सेवा

| गर्भवती/सुत्केरी | | | |
|---|---|---|---|
| **क्र.सं.** | **स्थान देखी** | **स्थान सम्म** | **स्वीकृत दर रेट रु.** |
| २ | वडा नं. २ र ३ | सोब्रु सामुदायिक अस्पत्ताल | २०००।- |
| ३ | वडा नं. ४,५,६,७,८,९ | सोब्रु सामुदायिक अस्पत्ताल | २०००।- |
| ४ | सोब्रु सामुदायिक अस्पत्ताल | काठमाण्डौं | १६०००।- |
| ५ | वडा नं. १ | काठमाण्डौं | १३२००।- |
| ६ | वडा नं. २ र ३ | काठमाण्डौं | १२८००।- |
| ७ | वडा नं. ४,५,६,७,८,९ | काठमाण्डौं | १२४००।- |

| विरामी | | | |
|---|---|---|---|
| **क्र.सं.** | **स्थान देखी** | **स्थान सम्म** | **स्वीकृत दर रेट रु.** |
| २ | वडा नं. २ र ३ | सोब्रु सामुदायिक अस्पत्ताल | ३०००।- |
| ३ | वडा नं. ४,५,६,७,८,९ | सोब्रु सामुदायिक अस्पत्ताल | २५००।- |
| ४ | सोब्रु सामुदायिक अस्पत्ताल | काठमाण्डौं | २००००।- |
| ५ | वडा नं. १ | काठमाण्डौं | १७५००।- |
| ६ | वडा नं. २ र ३ | काठमाण्डौं | १७०००।- |
| ७ | वडा नं. ४,५,६,७,८,९ | काठमाण्डौं | १६५००।- |

**नोट : जिल्लाभन्दा बाहिर जाने स्थानीयलाई १५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।**

**अनुसूची- ७**

**७. विज्ञापन करः**

(क) मदिराजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रू १००

(ख) अन्य बस्तुको विज्ञापनमा प्रति वर्ग फिट रू ५०

(ग) सार्वजनिक स्थानमा ब्यानर टाँगेमा प्रतिमिटर सात दिनसम्म रू ७ र सोपछि प्रतिदिन थप रू ५

(घ) १ मिटर र १ वर्ग फिटसम्मको विज्ञापन एक महिनासम्मको प्रतिदिन रू१ र सोभन्दा बढी राख्नु परेमा प्रतिदिन रू २

(ङ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिटसम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडीको भागमा राख्न पाउने छन् र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथीको दररेटमा सम्बन्धित व्यवसायीले विज्ञापन करवापत बुझाउनु पर्नेछ ।

**अनुसूची- ८**

**८. मनोरञ्जन करः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र मनोरञ्जनको क्षेत्रहरू पहिचान गरी आवश्यक मनोरञ्जन करको दर तोकी असूल गर्नेछ ।

**अनुसूची- ९**

**९. वहाल विटौरी शुल्कः**

| हाटबजार कर तथा मालबस्तुको दर रेट | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | **दर रेट** |
| १ | राँगा प्रति गोटा (जिउँदो बिक्रि) | १०० |
| २ | मासु बिक्रिका लागि काटीएको राँगा | २०० |
| ३ | खसी बोका प्रतिगोटा (जिउँदो बिक्रि) | ५० |
| ४ | मासु बिक्रिका लागि काटीएको खसी बोका | १०० |

| | | |
|---|---|---|
| ५ | सुँगुर प्रतिगोटा (जिउँदो बिक्रि) | ५० |
| ६ | मासु बिक्रिका लागि काटीएको सुँगुर प्रतिगोटा | १०० |
| ७ | फलफुल पसल (तराईबाट आएको) | ५० |
| ८ | फलफुल (स्थानीय उत्पादन) | निशुल्क |
| ९ | तरकारी पसल (तराईबाट आएको) | ५० |
| १० | तरकारी (स्थानीय उत्पादन) | २० |
| ११ | भाँडा पसल | १०० |
| १२ | किराना पसल | १०० |
| १३ | सुर्ती | २० |
| १४ | काठको सामान प्रति पसल | निशुल्क |
| १५ | माटाका भाँडाहरु प्रति पसल | निशुल्क |
| १६ | चामल/चिउरा/कोदो/मकै/गहुँ/फापर/दाल लगायत | २० |
| १७ | फेन्सी पसल | १०० |
| १८ | माछा पसल | १०० |
| १९ | हाँस/कुखुरा प्रतिगोटा | १० |
| २० | चटपटे/पानीपुरी प्रतिपसल | ५० |
| २१ | कपडा/जुत्ता चप्पल प्रतिपसल | १०० |
| २२ | फलामबाट बनेको हातहतीयार पसल | निशुल्क |
| २३ | अन्य | ३० |

**अनुसूची- १०**

**१० पार्किङ शुल्कः**

(क) मोटर साइकलको लागि पहिलो २ घण्टाको लागि रू ५ र सोभन्दा बढीको लागि रू १०

(ख) हलुका सवारी साधनकोलागि पहिलो २ घण्टाकोलागि रू १० र सोभन्दा बढिको लागि रू २०

(ग) ट्याक्टरको लागि पहिलो २ घण्टाको लागि रू १५ र सो भन्दा बढिको लागि रू २५

(घ) हेवी सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रू २५ र सोभन्दा बढिको लागि रू ४०

**११. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी,फनपार्क,ग्लाइडिङ,वाटर ऱ्याफ्टीङ, ट्रेकिङ,बन्जी जम्पिङ्ग पदयात्रा, घोडचढी आदी जस्ता व्यवसाय सञ्चालनमा तपसिल बमोजिम शुल्क लाग्नेछ ।**

| क्र.सं. | विवरण | रकम रू | नवीकरण |
|---|---|---|---|
| १ | ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर ऱ्याफ्टीङ, ट्रेकिङ | ५००० | ३०० |
| २ | फनपार्कघोडचढी,पदयात्रा, | २००० | १२०० |

**अनुसूची- ११**

**११.पर्यटन शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पर्यटकीय स्थलमा प्रवेशको लागि तपशिल बमोजिम शुल्क लाग्नेछ ।

| क्र.सं. | विवरण | रकम रू |
|---|---|---|
| १ | आन्तरिक (गाउँपालिकाभित्रको व्यक्ति) | ५ |
| २ | आन्तरिक (गाउँपालिका बाहेक सोलुखुम्बु र खोटाङ जिल्ला भित्रको ब्यक्ति) | १० |
| ३ | आन्तरिक (अन्य नेपाली नागरिक) | २० |
| ४ | वाह्य (अन्य मूलुकका नागरिक) | ५० |

विद्यार्थी,  बालबालिका, जेष्ठ नागरिक र धार्मीक पर्यटक हो भन्ने परिचय खुलेमा पचास प्रतिशत रकम छुट हुनेछ। साथै यस्ता क्षेत्रमा फोहोरमैला गरेमा तथा अन्य अवैद्य कार्य गरेमा रु ५०० सम्म दण्ड जरिवाना गर्न सकिनेछ।

## अनुसूची- १२

### १२.विभिन्न प्रकारको सिफारिस दस्तुरः

(क) वडाले गर्ने सिफारिसमा लाग्ने कर/दस्तुर/शुल्क देहायबमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | रकम रू | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा, नामसारी सिफारिस | २०० | |
| २ | मोही लगत कट्टा सिफारिस | ५०० | |
| ३ | घर कायम सिफारिस | १०० | |
| ४ | छात्रवृत्ति सिफारिस | १०० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | ५० | |
| ६ | अपाङ्ग सिफारिस | निःशुल्क | |
| ७ | अस्थायी बसोबास सिफारिस | १०० | |
| ८ | स्थायी बसोबास सिफारिस | १०० | |
| ९ | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० | |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ५० | |
| १३ | विद्युत जडान सिफारिस | १०० | |
| १४ | धारा जडान सिफारिस | १०० | |
| १५ | जिवित रहेका सिफारिस | १०० | |
| १६ | दुवै नाम गरेको एकै व्यक्ति हो भन्ने सिफारिस/फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस | ५०० | |
| १८ | व्यवसाय वन्द सिफारिस | १०० | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| २२ | नावलक परिचयपत्र सिफारिस | १०० | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | १०० | |
| २४ | व्यवसाय दर्ता सिफारिस | २०० | |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | ५०० | |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | ५०० | |
| २७ | आन्तरिक बसाई–सराई सिफारिस | १०० | |
| २८ | विद्यालय सञ्चालन स्वीकृति/कक्षा बृद्धि सिफारिस | १००० | |
| २९ | व्यक्तिगत विवरण सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ३० | जग्गा दर्ता सिफारिस | २०० | |
| ३१ | संरक्षण सिफारिस (व्यक्तिगत) | १०० | |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | १०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| ३४ | जिवितसँगको नाता प्रमाणित | १०० | |
| ३५ | मृतकसँगको नाता प्रमाणित | १०० | |
| ३६ | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | ५०० | |
| ३७ | निशुल्क स–शुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ३८ | अन्य कार्यलयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २०० | |
| ३९ | संस्था दर्ता सिफारिस | २०० | |
| ४० | घर बाटो प्रमाणित | २०० | |
| ४१ | चार किल्ला प्रमाणित | २०० | |
| ४२ | जन्म मिति प्रमाणित | १०० | |
| ४३ | विवाह प्रमाणित | १०० | |
| ४४ | घर पाताल प्रमाणित | १०० | |
| ४५ | कागज/मन्जुरीनामा प्रमाणित | १०० | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ४७ | अविवाहित प्रमाणित | २०० | |
| ४८ | जग्गा रेखाङ्कनको कार्य/सो कार्यमा रोहबर | ५०० | |
| ४९ | जग्गा धनीपुर्जा हराएको सिफारिस | १०० | |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | |
| ५१ | अङ्ग्रेजी सिफारिस तथा प्रमाणित | २०० | |
| ५२ | मिलापत्र कागज (संघीय कानुन अनुसार) | ५०० | |
| ५३ | उजुरी दर्ता | १०० | |
| ५४ | नागरिकता सिफारिस | १०० | |
| ५४ | सम्पत्ति मूल्याङ्कन | प्रति लाख रू ५० | |
| ५५ | आय स्रोत प्रमाणित | ५०० | |
| 56 | वडा सर्जमिन सिफारिस | ५०० | |
| ५7 | उल्लिखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसार सिफारिस/प्रमाणितहरू | १०० | |

जन्म दर्ता, मृत्यु दर्ता, बसाई सराई जाने/आउने दर्ता,सम्बन्ध विच्छेद दर्ता, विवाह दर्तामा भने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम हुनेछ ।

(ख) माथि उल्लिखित बाहेक मानेभन्ज्याङ गाउँपालिकाको दर्ता, नवीकरण तथा सिफारिस दस्तुरको दरः

| क्र.स. | विवरण | इकाई | रू | कैफियत |
|---|---|---|---|---|
| १ | गैर सरकारी संघसंस्था दर्ता सिफारिस दस्तुर | | १००० | |
| २ | रू १ लाखभन्दा कम आर्थिक कारोबार गर्नेको लागि नवीकरण सिफारिस दस्तुर | | २०० | |
| ३ | रू १ लाखदेखि रू ५ लाखभन्दा कम आर्थिक कारोबार गर्नेको लागि नवीकरण सिफारिस दस्तुर | | ५०० | |
| ४ | रू ५ लाखदेखि रू १० लाखभन्दा कम आर्थिक कारोबार गर्नेको लागि नवीकरण सिफारिस दस्तुर | | १००० | |
| ५ | रू १० लाख आर्थिक कारोबार गर्नेको नवीकरण सिफारिस दस्तुर | | १५०० | |
| ६ | रू १० लाखभन्दा माथी आर्थिक कारोबार प्रतिलाख थप नवीकरण सिफारिस दस्तुर | | २५०० | |
| | रू २० देखि ३० लाखसम्म | | ३५०० | |
| | रू ३० देखि ४० लाखसम्म | | ४५०० | |
| | रू ४० देखि ५० लाखसम्म | | ५५०० | |
| | रू ५० देखि ६० लाखसम्म | | ६५०० | |
| | रू ६० देखि ७५ लाखसम्म | | ८५०० | |
| | रू ७५ लाखदेखि १ करोडसम्म | | १२५०० | |
| | रू १ करोडदेखि ५ करोडसम्म | | २०००० | |
| | ५ करोड भन्दा माथि | | २५००० | |
| ७ | प्रकोप व्यवस्थापन विशेष कोष दस्तुरः गैरसरकारी संस्थाहरूको कारोबार (प्राप्ती) अंकको ०.५ प्रतिशत वा न्युनतम रु १०० मध्ये जुन बढी हुन्छ सोही रकम बराबरको दस्तुर | | | |
| ८ | खानेपानी मुहान दर्ता दस्तुर | | १००० | |
| ९ | सिंचाई मुहान दर्ता दस्तुर | | २००० | |
| १० | खानेपानी र सिंचाई उपभोक्ता समिति नविकरण | | १००० | |
| ११ | व्यक्तिगत घट्ना दर्ता गल्ती/त्रुटी सच्याउन | | १०० | |
| १२ | विभिन्न संघसंस्था वा समितिहरूलाई योजना/आयोजना/कार्यक्रम आदीको मागको लागि विभिन्न विदेशी निकायहरू तथा दातृ निकायहरूमा सिफारिस दस्तुर | | २०० | |
| १३ | विभिन्न सङ्घसंस्था वा समितिहरूलाई योजनाकार्यक्रम आदिको/आयोजना/ मागको लागि विभिन्न विदेशी निकायहरू तथा दातृ निकायहरूमा सिफारिस दस्तुर | | ५०० | |
| १४ | कुनै विज्ञ अध्ययन अनुसन्धान कार्य गर्न अनुमति/पेशागत कार्य/ वा सिफारिस दस्तुर | | १५०० | |
| १५ | लघु जल विद्युत आयोजना (२ मेगावाटसम्म) को सर्वेक्षण अनुमती/ सिफारिस | | ३००० | |
| १६ | लघु जल विद्युत आयोजना (२ मेगावाटभन्दा माथी) को निर्माण अनुमती/ सिफारिस दस्तुर | | ५००० | |
| १७ | जलबिद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमती सिफारिस दस्तुर | | १०००० | |
| १८ | 'क' श्रेणीको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान सिफारिस दस्तुर | | ५००० | |
| १९ | 'ख' श्रेणीको निर्माण व्यवसायीको इजाजत पत्र नविकरण सिफारिस दस्तुर | | ४००० | |
| २० | 'ग' वर्गको ठेक्का नामसारी गर्नको लागि सिफारिस दस्तुर | | ३५०० | |

| २१ | 'घ' श्रेणीको निर्माण व्यवसायीको कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | | ३००० | |
|---|---|---|---|---|

**१३. विविधः**

**(क) बालुवा, गिट्टी, रोडा, ढुङ्गा बिक्री दरः**

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुङ्गा,ग्राभेल तथा लोहोरे ढुङ्गा– गाउँपालिकाभित्रको प्रयोग) | घन मिटर | १०० | मु.अ.कर वाहेक |
| २ | बालुवा,गिट्टी,रोडा, ढुङ्गा,ग्राभेल तथा लोहोरे ढुङ्गा (गाउँपालिकाबाट निकासी) | घन मिटर | २०० | मु.अ.कर वाहेक |

**(ख) खानीजन्य दार्थ निकासी करको दरः**

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | खरीढुङ्गा | मेट्रिक टन | ६० | |
| २ | म्याग्नेसाइट ढुङ्गा | मेट्रिक टन | ५० | |
| ३ | भुइमा विछ्याउने चप्लेटी ढुङ्गा | वर्ग फिट | २ | |
| ४ | छाना छाउने स्लेट ढुङ्गा | वर्ग फिट | २ | |
| ५ | बालुवा,गिटी,रोडा, ढुङ्गा,ग्राभेल तथा लोहोरे ढुङ्गा | घन मिटर | १४५ | |

**(ग) फोहरमैला व्यवस्थापनः**

| क्र.सं. | विवरण | मासिक रू | कैफियत |
|---|---|---|---|
| १ | आवासिय घर (पसल नभएको) | ५० | |
| २ | आवासिय पक्की घर (भाडा सहितको) | १०० | |
| ३ | आवासिय पक्की घर (पसल सहितको) | १५० | |
| ४ | फलफुल पसल | १०० | |
| ५ | होटल | १५० | |
| ६ | मासु पसल (सानो) | ५० | |
| ७ | मासु पसल (ठुलो) | १०० | |
| ८ | फेन्सी,किराना,स्टेशनरी,भाडाँ,औषधी,इलेक्ट्रोनिक्स, टेलरिङ लगायतका अन्य पसल | १०० | |

**(घ) नक्सा पास दस्तुरः नयाँ भवन निर्माणको लागि**

| क्र.सं. | भवनको प्रकार | प्रयोजन | | | |
|---|---|---|---|---|---|
| | | आवासिय (प्रति बर्ग फिट दर) | औधोगिक/व्यापारिक (प्रति बर्ग फिट दर) | सरकारी (प्रति बर्ग फिट दर) | संस्थागत (प्रति बर्ग फिट दर) |
| १ | 'क' वर्गका | १० | १३ | १५ | १३ |
| २ | 'ख' वर्गका | ७ | ९ | १२ | ८ |
| ३ | 'ग' वर्गका | ६ | ८ | ११ | ७ |
| ४ | 'घ' वर्गका बजार क्षेत्र | ३ | ४ | ४ | ५ |
| ५ | 'घ' वर्गका ग्रामिण क्षेत्र | १ | २ | ३ | ४ |

**भवन निर्माण भई सकेका भवनहरूको यथास्थति/अभिलेखीकरण दस्तुरः**

| क्र.सं. | भवनको प्रकार | प्रयोजन |
|---|---|---|

| | | आवासिय (प्रति बर्ग फिट दर) | औधोगिक/व्यापारिक(प्रति बर्ग फिट दर) | सरकारी (प्रति बर्ग फिट दर) | संस्थागत (प्रति बर्ग फिट दर) |
|---|---|---|---|---|---|
| १ | 'क' वर्गका | ७ | ८ | १३ | ७ |
| २ | 'ख' वर्गका | ७ | ८ | ११ | ६ |
| ३ | 'ग' वर्गका | ६ | ७ | १२ | ५ |

**(ङ) अमिन सेवाः जग्गा नापजाँचको लागि लिइने राजस्वको मापदण्ड**

| क्र.सं. | क्षेत्रफल | | | | राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|
| | वर्ग मिटर | | रोपनी - आना - पैसा | | | |
| | देखि | सम्म | देखि | सम्म | | |
| १ | ३१.८ | ३१७.९६ | ०-१-० | ०-१०-० | रु २५०० | |
| २ | ३१७.९६ | ५०८.७४ | ०-१०-० | १-०-० | रू ३००० | |
| ३ | ५०८.७४ | ८६४.८५ | १-०-० | १-११-० | रू ३५०० | |
| ४ | ८६४.८५ | १२७१.८४ | १-११-० | २-८-० | रू ४००० | |
| ५ | १२७१.८४ | १८८२.३३ | २-८-० | ३-११-० | रू ५००० | |
| ६ | १८८२.३३ | २७९८.०५ | ३-११-० | ५-८-० | रू ६००० | |
| ७ | २७९८.०५ | ३५६१.१६ | ५-८-० | ७-०-० | रू ७००० | |
| ८ | ३५६१.१६ | ५०८७.३७ | ७-०-० | १०-०-० | रू ८००० | |

<u>नोट</u> :१० रोपनीभन्दा माथी जग्गा नापजाँच गर्नु परेमा हरेक २ रोपनी बराबर रु.१००० राजस्व स्वरूप थप हुदै जानेछ ।

**(च) पशुपन्छी उपचार तथा प्रयोगशाला सेवाः**

| क्र. स. | सेवाको किसिम | ईकाई | सेवा शुल्क |
|---|---|---|---|
| | | | |
| | | | |
| | **१ पशुपन्छी उपचार सेवा** | | |
| १.२ | गाई/भैसी | प्रति पशु | २५ |
| १.३ | कुखुरा/हाँस/अन्य पंक्षी | प्रति पशु | २ |
| १.४ | भेडा/बाखा/ खरायो | प्रति पशु | १० |
| १.५ | कुकुर/विरालो | प्रति पशु | १०० |
| १.६ | हाती/घोडा/बाँदर | प्रति पशु | १०० |
| १.७ | अन्य वन्य जन्तु | प्रति पशु | १०० |
| | **२ पशुपन्छी प्रयोगशाला सेवा** | | |
| २.१ | गोबर परिक्षण सबै जनावर | प्रति नमुना | २० |
| २.२ | शव परिक्षण | | |
| | ➢ गाई भैसी | प्रति शव | २०० |
| | ➢ भेडा बाखा बंगुर | प्रति शव | ५० |
| | ➢ पक्षी | प्रति शव | ५० |
| | ➢ कुकुर बिरालो | प्रति शव | २०० |
| | ➢ हाती घोडा बाँदर तथा अन्य वन्य जन्तुका लागि | प्रति शव | ५०० |

| | | | |
|---|---|---|---|
| २.३ | एक्सरे सेवा (सानो जनावर) | प्रति पशु | १५० |
| २.४ | अल्ट्रासाउण्ड सेवा (सानो जनावर) | प्रति पशु | २०० |
| २.५ | कल्चर सेनसिटी भिटी परिक्षण | प्रति नमुना | ५० |
| २.६ | दुध पर्ीक्षण | प्रति नमुना | २५ |
| २.७ | रुटिन पसाव पिरक्षण **(pH Glucose, protein)** | प्रति नमुना | २५ |
| २.८ | रुटिन रगत परिक्षण **(TC, DC )** | प्रति नमुना | ६० |
| २.९ | हेमोग्लोविन परिक्षण **( Hb Test)** | प्रति नमुना | ३० |
| २.१० | पिसिभी परिक्षण **(PCV Test)** | प्रति नमुना | ३० |
| २.११ | रगतको प्रोटोजोवल परिक्षण **(Blood Protozoan Test)** | प्रति नमुना | १०० |
| २.१२ | रेपिड परिक्षण **(Disease Specific)** | प्रति नमुना | ५० |
| २.१३ | छाला परिक्षण **(Skin Scrapping)** | प्रति नमुना | ५० |
| **३ पशु प्रजनन सेवा** | | | |
| ३.१ | कृत्रिम गर्भाधान सेवा | | |
| | गाई भैरी बाखा तथा बंगुर | प्रति पशु | ५० |
| ३.२ | गर्भ परिक्षण | | |
| | ➢ सामान्य विधिबाट गाई भैसीको गर्भ परिक्षण | प्रति पशु | २५ |
| | ➢ **USG** विधिबाट गाई भैसीको गर्भ परिक्षण | प्रति पशु | ५० |
| ३.३ | पाठेघर फर्किने वा अम्रो नझर्ने **(Prolapse/Retension of Placenta)** | | |
| | ठुलो जनावर **(Large animal)** | प्रति पशु | १०० |
| | सानो जनावर **(Small animal)** | प्रति पशु | ५० |
| ३.४ | बच्चा पाउन नसक्ने समस्या निराकरण **(Dystokia Correction Manual)** | | |
| | ➢ ठुलो जनावर **( Cattle. Buffalo, Horse)** | प्रति पशु | १०० |
| | ➢ सानो जनावर **( Goat, Sheep. Pig)** | प्रति पशु | ५० |
| **४ सामान्य सर्जरी सेवा** | | | |
| ४.१ | बोका राँगो सुमार्ने वा खसी पार्ने | प्रति पशु | सानो पशु २५<br>ठुलो पशु ५० |
| ४.२ | घाउ चिरफार तथा ड्रेसिङ्ग **(Wound Incision and Dressing** | प्रति पशु | ५० |
| ४.३ | पुच्छर काटने **(Tail amputation)** | प्रति पशु | १०० |
| ४.४ | सिंघ काटने **(Dehorning)** | प्रति पशु | १०० |
| ४.५ | भाचेको हड्डी मिलाउने **(Immobilazation of Fracture)** | प्रति पशु | १०० |
| ४.६ | अन्य सामान्य किसिमको सर्जरी सेवा **(Others Minor Surgery)** | प्रति पशु | १०० |
| **५ विशेष प्रकारको सर्जरी सेवा** (Major Operation) | | | |
| ५.१ | कुकुर विरालो बन्ध्याकरण सेवा **(Dog Nuetering Operation)** | प्रति पशु | ५०० |
| ५.२ | सानो जनावरको सिजेरियन ओँपरेशन **Cessarean section of (Goat, Sheep, Pig)** | प्रति पशु | २०० |
| ५.३ | ठुलो जनावरको सिजेरियन ओँपरेशन **Cessarean section of (Cattle, Buffalo)** | प्रति पशु | ५०० |
| ५.४ | ठुलो जनावरको रुमेनोटोमी **(Rumentomy Operation)** | प्रति पशु | ५०० |
| ५.५ | अन्य मुख्या ओँपरेशन सेवा **(Others Major Surgery)** | प्रति पशु | ५०० |
| **६पशु धन संरक्षण तथा व्यवसाय प्रवर्द्धन सम्बन्धी सेवा** | | | |

| | | | |
|---|---|---|---|
| ६.१ | आक्समिक उपचार तथा महामारी रोग नियन्त्रण कार्यक्रम | | निशुल्क |
| ६.२ | राष्ट्रिय रोग नियन्त्रण खोप सेवा कार्यक्रम | | निशुल्क |
| ६.३ | पशुपन्छी तथा मत्स्यपालन व्यवसाय प्रबर्द्धन सशर्त अनुदान कार्यक्रम | | निजी फर्म रु १०० संस्थागत रु २०० |
| ६.४ | पशुपन्छी तथा मत्स्यपालन समबन्धी परामर्श सेवा | | निशुल्क |
| ६.५ | पशुपन्छी तथा मत्स्य व्यवसाय अभिलेखिकरण सेवा | | निशुल्क |
| ६.६ | पशुपन्छी तथा मत्स्य व्यवसाय सम्बन्धी सिफारिस | | १०० |
| **७. पशु प्राविधिक सेवाः** | | | |
| **७.१** | कार्यालय समयमा प्राविधिक किसानको घर वा गोठमा उपचारको लागि जानु परेमा | | ० |
| **७.२** | कार्यालय समयमा प्राविधिक किसानको घर वा गोठमा कृतिम गर्भधारणको लागि जानु परेमा | | ५० |
| **७.३** | नाईट्रोजन वितरण प्रतिलिटर र सिमेन वितरण प्रतिडोज रु. | | ५० |

**(च) माटो परिक्षण शुल्क**

| क्र.सं. | विवरण | रू | कैफियत |
|---|---|---|---|
| १ | माटोको P.H. | १० | |
| २ | N.P.K | २५ | |
| ३ | सुक्ष्म खाद्यतत्व | ५० | |

**(छ) परीक्षा शुल्कः**

| क्र.सं. | विवरण | रू | कैफियत |
|---|---|---|---|
| १ | श्रेणीविहिन | ५०० | |
| २ | सहायकस्तर | १००० | |
| ३ | अधिकृतस्तर | १५०० | |

**(ज) सूची दर्ताः**

| क्र.सं. | विवरण | रू | कैफियत |
|---|---|---|---|
| १ | सुची दर्ता | १००० | |

**(झ) शिक्षा क्षेत्रको आम्दानीः**

| क्र.सं. | विवरण | रू | कैफियत |
|---|---|---|---|
| १ | कक्षा ८ को लब्धाङ्क प्रतिलिपि दस्तुर | ५०० | |

**(ञ) न्यायीक दस्तुरः**

| क्र.सं. | विवरण | रू | कैफियत |
|---|---|---|---|
| १ | उजुरी दर्ता दस्तुर | १०० | |

**आज्ञाले प्रमाणीकरण गर्ने**

प्रमुख प्रशासकीय आधिकृत